# प्रेस विज्ञप्ति- ३४३

# Press Release- 343

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।०९।०१ गते।

## लुकाउ छिपाउ गरी ल्याइएको अवैध लागु औषध गाँजा ५५ के.जी. ३२ ग्राम, चरेश २५ के.जी., खैरो हेरोईन ९३ ग्राम र एम्फेटामाईन १८४ ग्राम बरामद गरी ९ जना मानिस पक्राउ

विशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरोको निरन्तर निग्रानी तथा कार्वाहीको क्रममा निम्नानुसारका अवैध लागु औषध कारोवार गर्ने मुख्य व्यक्तिहरुलाई अवैध लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्बन्धित सम्मानित जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप गरी थप अनुसन्धान भई रहेको व्यहोरा अनुरोध गरीएको छ।

- लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८०।०८।२७ गते त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल भन्सार कार्यालयको कार्गो कम्प्लेक्समा Qatar Airways बाट अमेरीका हुदै नेपाल भित्रिएको २४ वटा कार्टुन बक्सहरु संकास्पद देखिएकोले खोली हेर्दा म्युजिकल बक्साहरु भित्र लुकाउ छिपाउ गरी ल्याइएको अबैध **लागु औषध गाँजा ५५ के.जी. ३२ ग्राम** बरामद गरी यस ब्यूरोबाट थप अनुसन्धान भई रहेको।
- काठमाण्डौ उपत्यकामा अवैध लागु औषध चरेश कारोवार गर्ने मुख्य व्यक्ति जि.धादिङ, गल्छि गा.पा. वडा नं. ५ कोईली खर्क बस्ने बर्ष ५० को कान्छा तामाङ र ऐ.ऐ. बस्ने बर्ष ४० को भिम बहादुर तामाङलाई मिति २०८०।०८।२९ गते लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले निजहरुलाई अवैध **लागु औषध चरेश २५ के.जी.** सहित जिल्ला काठमाडौ चन्द्रागिरी न.पा. १२ बलम्बुबाट पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।
- लामो समय देखि भारतबाट ल्याई काठमाण्डौ केन्द्रित बनाई अवैध लागु औषध खैरो हेरोईन कारोवार गर्ने मुख्य ब्यक्ति जि.धनुषा, कमला न.पा. वडा नं. ७ बस्ने बर्ष ३० को सुनिल पासवान ऐ.ऐ. वडा नं. १ मण्ग्राहा बस्ने बर्ष २० को अमिन्दर पासवान, जि.भक्तपुर ठिमि न.पा. वडा नं. ४ बस्ने बर्ष ३६ को डिकेन्द्र भट्टराई र ऐ.ऐ. बस्ने बर्ष ३१ को राम तामाङ समेतलाई मिति २०८०।०८।३० गते लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जि.भक्तपुर मध्यपुर ठिमी. न.पा. ४ नयाँ ठिमीबाट अवैध **लागु औषध खैरो हेरोईन ९३ ग्राम** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।
- बिगत लामो समय देखि काठमाण्डौमा लागु औषध एम्फेटामाईन बिक्री वितरण कार्यमा संलग्न जि.काभ्रे. भुम्लु गा.पा. वडा नं. ४ बस्ने बर्ष ३२ को जयश कुमार लामा, ऐ.ऐ. बस्ने बर्ष ४४ को शमसेर लामा र जि.धादिङ खनियाबास गा.पा. २ बस्ने शेर बहादुर तामाङ समेतलाई मिति २०८०।०८।२२ गते लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले निजहरुलाई का.जि.का.म.न.पा. ९ बाट **लागु औषध एम्फेटामाईन १८४ ग्राम** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।

**प्रवक्ता / सूचना अधिकारी**
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३

गाँजा



चरेश





खैरो हेरोईन



एम्फेटामाईन



Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal